नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

# प्रस्ताव आहवान सम्बन्धी सूचना

सूचना नं. २४/२०८१/८२

सूचना प्रकाशित मिति : २०८१/०७/३०

यस एकाइको चालु आ.व. २०८१/०२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नवलपरासी (ब.सु.प.) जिल्लाको केरा जोन कार्यक्षेत्रमा तपशिलका कार्यक्रम संचालन गर्न यस एकाइमा सुचिकृत भएका कृषक समुह/सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित मिति २०८१ मंसिर २९ गते भित्र ( प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यलय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने) परियोजना कार्यान्वयन एकाई रुपन्देही वा जोन प्राविधिक एकाई, परासी वा केरा जोनको फिल्ड कार्यालय, प्रतापपुरमा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। साथै कार्यक्रम संचालन हुने कार्यक्षेत्र, प्रस्तावको लागि न्यूनतम मापदण्ड, अनुदानको सीमा तथा सर्तहरु लगायतका अन्य आवश्यक थप जानकारी कार्यालयको वेबसाइट र कार्यालयमा प्रत्यक्ष सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

तपसिलः

केरा जोन नवलपरासी बर्दघाट सुस्ता पश्चिमतर्फ

| क.सं. | कार्यक्रम विवरण | लक्ष्य संख्या | कार्यक्रम संचालन हुने क्षेत्र | स्वीकृत वजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जोन प्रभाव क्षेत्रमा केराको क्षेत्रफल विस्तार कार्यक्रम (जि ९ जातको केराको तन्तु प्रजनन विरुवामा ५० प्रतिशत अनुदान सहयोग ) | ५० हेक्टर | नवलपरासी (ब.सु.प.) को केरा जोन कार्यक्षेत्र भित्र | २६.५ | क्षेत्रविस्तार हुने नयाँ क्षेत्र तथा लाभग्राहीलाई प्राथमिकता दिईने। अन्य व्यवस्था परियोजना कार्यान्वयन म्यानुअल बमोजिम हुने। |
| २ | केराको चिप्स तथा रेसा उत्पादन अनुदान सहयोग कार्यक्रम (केराको चिप्स बनाउने मेशिन र केराको रेसा उत्पादन गर्ने मेशिनमा ५० % अनुदान सहयोग) | २ वटा | नवलपरासी (ब.सु.प.) को केरा जोन क्षेत्र | १० | मेशिनरी संचालन तथा उद्यम प्रवर्धनको लागि विद्युत सुविधा लगायतका आवश्यक पुर्वाधार भएको हुनुपर्नेछ। अन्य व्यवस्था परियोजना कार्यान्वयन म्यानुअल बमोजिम हुने। |
| ३ | जोन तथा आसपासका क्षेत्रहरुमा केराको राईपेनिङ्ग च्याम्वर स्थापना कार्यक्रम (केराको राईपेनिङ्ग च्याम्वर स्थापनामा अधिकतम ७५ प्रतिशत अनुदान सहयोग कार्यक्रम) | १ पटक | नवलपरासी (ब.सु.प.) को केरा जोन क्षेत्र तथा जोन क्षेत्रमा उत्पादित केराको बजारिकरण सहयोग हुने आसपासका क्षेत्र | १५ | केराको राईपेनिङ्ग च्याम्वर स्थापनाको लागि विद्युत सुविधा लगायत आवश्यक पुर्वाधार भएको हुनुपर्नेछ। सम्बन्धित लाभग्राही संस्थाको आफ्नै स्वामित्वमा जग्गा भएको हुनुपर्ने तथा अन्य व्यवस्था परियोजना कार्यान्वयन म्यानुअल बमोजिम हुने। |

**आवश्यक कागजातहरु**

१. रु. १० को हुलाक टिकट टाँसेको निवेदन र रितपूर्वक भरेको निर्धारित ढाँचाको प्रस्ताव माग फारम ।
२. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि फर्म/ कम्पनीको बैठकबाट आवेदन पेश गर्ने निर्णयको प्रतिलिपि ।
३. कृषक समुह/ सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि फर्म/कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपी।
४. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति /कृषि फर्म /कम्पनीको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि ।
६. क.सं. २ र ३ को कार्यक्रमको हकमा लागत सहभागीताको सुनिश्चितताको प्रतिबद्धता पत्र।

थप जानकारीको लागि परियोजनाको परियोजना कार्यान्वयन एकाई, रुपन्देही (Website: piurupandehi.pmamp.gov.np फोन नं. , ०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१ ) जोन प्राविधिक एकाई, परासी (९८५७०४७२०९ / ०७८५९०१८१ ), केरा जोनको फिल्ड कार्यालय, प्रतापपुर (९८६९४८०८४०) मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

नारायण काफ्ले